अनुसूची ५
(दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

“विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर”

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ता :**
श्री वैकुण्ठ न्यौपाने
नगर प्रमुख
मिति २०८३ असार १० गते

व्यास नगरपालिका
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३।०८४ को व्यास गरपालिकाको नीति तथा कार्यक्रम

**उपप्रमुखज्यू, सम्पूर्ण नगर सभाका सदस्यहरु,**

१. गण्डकी प्रदेश तनहुँ जिल्लाको सदरमुकाममा २०४८ चैत्र ३० गते स्थापना भएको व्यासको अवतरण भूमि, पराशर ऋषिको तपोभूमि- व्यास नगरपालिकाको पैतालीसौं नगर सभामा उपस्थित भएर यस नगर सभाको ५ वर्षे कार्यकालको अन्तिम वर्ष आ.व.२०८३।०८४ का लागि नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेको छु ।

२. आधुनिक नेपाल निर्माणमा विधिको शासन, प्रजातन्त्रको स्थापनाका लागि २००४ सालदेखिको अभियान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, २०८२ सालको सुशासन वहालीको आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरुका प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै लोकतन्त्र, कानुनी शासन, सुशासनको वहालीका लागि नेतृत्व गर्नुहुने अग्रज, वेपत्ता परिवार, घाइते अपाङ्गताका प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । साथै व्यास नगरपालिकाको स्थापना र विकासमा अमूल्य योगदान पुऱ्याउनु हुने हाल दिवंगत भइसक्नु भएका पूर्व जनप्रतिनिधिहरु प्रति श्रद्धासुनम व्यक्त गर्दै सम्पूण पूर्व जनप्रतिनिधिहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आर्थिक वर्ष २०८३।०८४ का लागि लागि व्यास नगरपालिकाले नीति तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, राष्ट्रिय १६ औं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, संयुक्त राष्ट्र संघबाट उद्घोष भएको (२०३० प्रस्ताव) दीगो विकासका लक्ष्यहरु (SDG), व्यास नगरपालिकाको दीर्घकालीन एवं आवधिक योजनाले प्रत्याभूत गरेका नीतिको सीमा भित्र रही "विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर" भन्ने मूल नारालाई सार्थकता दिने गरी तयार गरिएकोछ ।

४. व्यास नगरपालिकाको स्थापनाकालदेखि आजसम्म हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा रही यस नगरपालिका प्रति नगरवासीको भरोसा, स्थानीयता, कानुनी र श्रोतगत सीमाहरुलाई ध्यानमा राखी आ.व.२०८२।०८३ मा यस नगरपालिकाले गरेका उपलब्धिहरु सम्मानित सभामा जानकारीका लागि प्रस्तुत गर्दछु ।

**आ.व.२०८२।८३ को नीति तथा कार्यक्रमको उपलब्धिहरु :**

५. योजनाबद्ध विकासबाट मात्रै वाञ्छित लक्ष्य प्राप्ति गर्न सकिन्छ भन्ने उद्देश्यले व्यास नगरपालिकाले यसअघि तयार गरेको प्रथम आवधिक योजनाको अवधि सम्पन्न भई दोस्रो आवधिक योजना निर्माण कार्य चालु वर्षभित्रै सम्पन्न हुने चरण पुगेको छ । आवधिक योजनाले लिएका लक्ष्यहरु पूरा गर्न पञ्च वर्षीय शैक्षिक योजना, नगर सडक यातायात गुरुयोजना, नगरको भू-उपयोग वर्गीकरण नक्सा तयार भएको छ ।

६. नगरको गौरबका आयोजनाहरुको रुपमा रहेको बैरेनी जग्गा एकीकरण आयोजना अन्तिम चरणमा पुगेको छ । व्यास नगर समता आवासीय विद्यालय व्यवस्थित रुपमा सञ्चालन हुँदै आएको छ । पराशर मार्गको १० किलोमिटर मध्ये करिब ६ किलोमिटर खण्ड यसै वर्ष पूरा हुने चरण रहेको छ ।

७. बहुवर्षीय योजनाको रुपमा रहेका पानीको स्रोत पुनर्भरण योजना अन्तर्गतको नारेश्वर ताल, सनातन धर्म संरक्षणका लागि गौ संरक्षण केन्द्र, शहरीकरण विकासका लागि खड्गकाली मार्ग, शहिद कालिका मार्ग द्रुत गतिमा निर्माण भइरहेका छन् । केशवटार मार्ग र माहेन्द्री मार्गलाई संघ, प्रदेश सरकार समेतको सहभागितामा अघि बढाइएकोछ ।

८. नगरको मुख्य बजार क्षेत्रमा सडक बत्ती जडानको काम द्रुत गतिमा भइरहेको छ । सि.सि. क्यामरा जडानका कामहरु निरन्तर रुपमा कार्यान्वयन भइरहेको छ ।

९. सामुदायिक विद्यालयतर्फ गतविगत वर्षको तुलनामा पछिल्ला वर्षहरुमा विद्यालय भर्ना दर, टिकाउ दर तथा उत्तीर्ण दरमा उल्लेख्य वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार आएको छ । सामुदायिक विद्यालयमा

रहेका बालकक्षादेखि ५ कक्षासम्म अध्ययनरत ३,५४१ जना बालबालिकाहरुलाई संघ सरकारको सहयोगमा दिवा खाजाको व्यवस्था गरिएको छ ।

१०. ३८ वटा संस्थागत विद्यालयहरुमा पढ्ने बालबालिकाहरुका लागि छात्रबृत्ति प्रदान गर्ने गराउने व्यवस्था मिलाइएकोछ । पूर्व प्राथमिक कक्षादेखि १० कक्षासम्म अध्ययन गर्ने १,४६५ जना विद्यार्थीले रु.४ करोड २४ लाख २५ हजार ५ सय ६२ रुपैयाँ बराबरको छात्रबृत्ति सुविधा प्राप्त गरेका छन् । त्यसैगरी कक्षा ११ र १२ मा अध्ययन गर्ने ३२८ जना विद्यार्थीले रु.१ करोड ७८ लाख ८६ हजार बराबरको छात्रबृत्तिको सुविधा प्राप्त गरेका छन् ।

११. खेलकुदका क्षेत्रमा मेयर कप फुटवल प्रतियोगिता, व्याड्मिन्टन प्रतियोगिता, वडास्तरीय भलिवल प्रतियोगिता, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, अल्ट्रा म्यारथन प्रतियोगिता जस्ता ठूला साना गरी २२१ इभेन्टमा खेल प्रतिभाहरुको विकास, संरक्षण, प्रवर्द्धन गर्ने कार्य गरिएको र खेल सामग्री हस्तारणका कार्यक्रम सञ्चालन भएका छन् । जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा व्यास नगरपालिकाले ८ स्वर्णपदक सहित जिल्लाकै दोस्रो हुन सफल भएको छ । ७० जना युवालाई युवा परिषद् अन्तर्गत AI तालिम प्रदान गरिएको छ ।

१२. आमा र गर्भ भित्रको बच्चाको संरक्षणको लागि वडावडामा AI भिडियो एक्सरे प्रिलिमिनरी सेवा प्रदान गरी दुवैको संरक्षणमा सहयोग पुऱ्याइएको छ । प्रोटोकल अनुसार गर्भवती आमाहरुको हालसम्म २,२४९ जनालाई सेवा पुऱ्याइएको छ । यसवर्ष पनि पूर्णखोपको दीगोपना सुनिश्चित नगर घोषणा भइसकेको छ ।

१३. दीर्घरोगी नागरिकहरुलाई मासिक उपचार खर्च वापत रु.५,०००। दिंइदै आइएकोमा हालसम्म २६६ जनाले सेवा लिएको अवस्था छ । प्रयोगशाला सेवा भएका स्वास्थ्य संस्थामार्फत निशुल्क रुपमा विभिन्न प्रकारका प्रयोगशाला सेवा लिनेको संख्या ६२२ पुगेको छ ।

१४. पाठेरको मुखको क्यान्सरसम्बन्धी VIA जाँच १४ वटै वडामा सञ्चालन भएकोमा ६२५ जनाले सेवा लिएको अवस्था छ । AI एक्सरेद्वारा नगरका विभिन्न स्थानमा क्षयरोगको स्क्रिनङ्ग गरिएको छ, जसबाट ७६६ जनाले सेवा लिएका छन् । नगरका विभिन्न क्षेत्रमा गरिएको अन्य स्वास्थ्य शिविरहरुबाट १,७५६ जना नागरिकले सेवा लिनुभएको छ ।

१५. व्यवसायीहरुलाई व्यवसाय दर्ता, नवीकरण र वार्षिक कर बुझाउन सहजीकरण गर्न चालु आ.व.२०८२।०८३ पछिल्लो ३ महिना घरदैलोमा सेवा जारी राखिएको छ । चालु आर्थिक वर्षमा मात्रै सबै वडा र नगरका विभिन्न शाखाहरुले समेत गरी ४३१ जनालाई ब्युटिसिन, सिलाइबुनाइ, चप्पल बनाउने, चुरा पोते बनाउने, अचार बनाउने, मोवाइल मर्मत, कपाल काट्ने, मादल बजाउने, झोला बनाउने, मह उत्पादन, ट्याक्टर मर्मत जस्ता तालिम उपलब्ध गराई सीप विकास एवं आयआर्जन गर्न सक्षम बनाइएको छ । करााँते, बारिष्टा, बुटिक, भान्सा सुधार, साइवर काइमबाट जोगिने सम्बन्धी तालिमहरु वडावडामा सञ्चालन गरिएका छन् ।

१६. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई पूर्जा वितरण गर्ने कार्यका लागि ७,०८३ निस्सा प्राप्त भएको मध्ये अव्यवस्थित बसोबासी ६,१८४ भूमिहिन दलित २६५ र भूमिहिन सुकुम्बासी ६३४ भएकोमा हालसम्म ३,४०८ कित्ताको नापी सर्जमिन मुचुल्का उठाइसकिएको अवस्था छ । प्रमाणीकरण भइसकेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुलाई जिल्ला भूमि समस्या समाधान समितिमार्फत हाम्रै कार्यकालमा लालपूर्जा वितरण आरम्भ गरिनेछ । यस क्रममा वडा नं.९ देखि १४ सम्मका निस्सा प्राप्त व्यक्तिहरुको नापी कार्य अन्तिम चरणमा पुगेको छ ।

१७. तरकारी खेतीको आधुनिकीकरण तथा व्यवसायीकरण प्रवर्द्धन गर्ने उद्देश्यले ३४० रोपनी क्षेत्रफलमा तरकारी खेती विस्तार, २० वटा टनेल निर्माणमा अनुदान, ८७ टन उन्नत आलु बीउ वितरण गरी करिब १,४०० रोपनी क्षेत्रफलमा उन्नत जातको आलु खेती विस्तार, ८ वटा कृषक समूह/सहकारीहरूलाई ५०% अनुदानमा २१ थान कम्बाइन मिल र १७ थान हाते ट्याक्टर, १६ वटा साना सिँचाई कुलोको निर्माण तथा मर्मत, २०० कृषक घरधुरीलाई मौरीपालन सम्बन्धी आधारभूत तालिम प्रदान, ७५१ माटो नमूना परीक्षण गरी खाद्यतत्व पहिचान, उपयुक्त मल सिफारिस, माटो सुधारका लागि कृषि चुन वितरण कार्यक्रम अघि बढाइएको छ । उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, मूल्य श्रृङ्खलाको विकास तथा

बजार व्यवस्थापन सुदृढीकरण गर्ने उद्देश्यले चिस्यान केन्द्र (Cold Store) सञ्चालनमा ल्याइएकोमा हालसम्म करिब २० टन आलु भण्डारण गरिएको छ । ७,७९० कृषक घरधुरीहरूको विवरण किसान सूचीकरण प्रणालीमा प्रविष्ट भएको छ । २४ वटा कृषक समूह/कृषि सहकारीहरूलाई १५२ टन धानको उन्नत बीउ वितरण गरिएको छ, जसबाट कृषकहरूमा ४,५०० हेक्टर क्षेत्रफलमा उन्नत जातको धान खेती विस्तार भई उत्पादन तथा उत्पादकत्व वृद्धि / गुणस्तरीय बीउको पहुँचमा सहयोग पुगेको छ । आर्थिक वर्ष २०८२/०८३ मा ९,८२९ वटा पशुहरूलाई विभिन्न रोग विरुद्धको खोप लगाइएको, ७,३५९ ओटा गाई/भैंसीमा कृत्रिम गर्भाधान सेवा, ७०८ ओटा छाडा, सामुदायिक तथा घरपालुवा कुकुरहरूमा रेविज रोग विरुद्धको खोप एवं बन्ध्याकरण कार्य सम्पन्न गरिएको छ । ८,२८० ओटा पशुपन्छीहरूलाई विभिन्न समस्या अनुसार औषधीउपचार सेवा एवं निशुल्क औषधी वितरण कार्य भएको छ । व्यास ६ मा कफी खेती प्रवर्द्धन, व्यास ५ चिन्तुटारमा लिची आँपका विरुवा वितरण गरी बगैंचाको लागि तयारी भएको छ ।

१८. नगर अन्तर्गतका सबै कार्यालयहरुमा अनलाइनबाटै हाजिरी लिने र बिदा स्वीकृत गर्ने, अनुगनमन गर्ने अभ्यासको शुरुवात गरिएको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका बीच नतिजाका लागि कार्यसम्पादन सम्झौता गरिएको छ । प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरु र वडा सचिवहरुले कार्यसम्पादनमा सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने प्रयास गरिएको छ ।

१९. यस नगरपालिका स्थापना भएको दिनको खुशीयालीमा नगर दिवस मनाउन थालिकोमा ३४ औं नगरपालिका स्थापना दिवसको अवसरमा नगरमा काम गर्ने पूर्व जनप्रतिनिधि, कर्मचारी, करदाता, उपभोक्ता समिति, कृषक तथा वातावरण अभियानकर्तालाई पुरस्कार एवं सम्मान गरिएको छ ।

२०. सुशासनको मर्मलाई आत्मसात गर्दै हरेक महिना खर्च सार्वजनिक, प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन, योजनाको त्रैमासिक समीक्षा र हरेक चौमासिकमा सार्वजनिक सुनुवाई गरिएको छ । सार्वजनिक सेवालाई प्रभावकारी, जवाफदेही र उत्तरदायी बनाउन नागरिक सन्तुष्टि सर्वेक्षण, वार्षिक प्रगति समीक्षा, सामाजिक परीक्षण, GC/GRB अडिट गरी प्राप्त सुझावहरुको कार्यान्वयन अघि बढाइएको छ । लेखा प्रणालीलाई EFT बाट सोझै भुक्तानी पाउनेको खातामा पुग्ने व्यवस्था मिलाइएको छ भने जिन्सीमा PAMS प्रणालीको शुरुवात गरी सरकारी खर्च नियन्त्रण गरिएको छ ।

२१. नगरको संशोधित संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी मात्र बहाल रहेको अवस्था छ । रिक्त र करार पदमा प्रदेश लोकसेवा आयोगमा पदपूर्तिको लागि पठाइएको र लोकसेवा आयोगबाट स्थायी कर्मचारीहरु आउने क्रम भइरहेको छ ।

२२. यस नगरपालिकाको न्यायिक समितिमा ७९ वटा मुद्दा दर्ता भएकोमा न्यायिक समितिमार्फत मिलापत्र २० र निर्णय भएको संख्या ४० भने १९ वटा प्रकृयामा रहेको अवस्था छ । नगरपालिकामा रहेको आप्रवासी स्रोत केन्द्रमार्फत व्यास नगरापालिका १,५०१ सहित ७,७०१ जनालाई परामर्श सेवा प्रदान गरिएको छ ।

२३. भौतिक पूर्वाधारतर्फ नगरबाट वडा नं.८, १०, १२ बाहेकका वडाहरुमा कालोपत्रे सडकले जोडिएको छ, वडासम्म पुग्ने सडक कालोपत्रेको अन्तिम तयारीमा छौं । साथै नगरका महत्वपूर्ण रणनैतिक सडकहरु कालोपत्रे तथा स्तरीकरण कार्य भइरहेको छ ।

२४. १२ वटा वडा कार्यालय भवन निर्माण स्तरोन्नति गरी प्रविधिमैत्री रुपमा विकास गरिएको छ भने वडा नं.३ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ । साथै वडा नं.२ को वडा कार्यालय भवन आगामी आर्थिक वर्षमा निर्माण गर्न जग्गा व्यवस्थापनको प्रकृया अघि बढाइएकोछ ।

२५. अधिकांश वडाहरुमा आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्न स्वास्थ्य सेवा केन्द्र भवनहरु निर्माण गरी सेवा प्रवाह भइरहेको छ भने वडा नं.८, ११ र १४ मा भवन निर्माण कार्य सम्पन्नताको चरणमा रहेका छन् । व्यास १० मा व्यास नगर अस्पतालको भवन निर्माण कार्य सम्पन्न भई स्वास्थ्य सेवा प्रवाह भइरहेको छ ।

२६. नगरवासीहरुलाई सुरक्षित र स्वस्थ्य खानेपानीको प्रत्याभूति गर्न खानेपानी योजनालाई पहिलो प्राथमिकता राखिएको छ । चालु आर्थिक वर्षमा देवीडाँडा खानेपानी योजना व्यास १०, मानहुँकोट खानेपानी योजना व्यास ५, केशवटार गर्जौडी मूल खानेपानी योजना व्यास १४, कमेरेपानी साँधखोला खानेपानी योजना र झांक्रिथान खानेपानी योजना व्यास १३ जस्ता महत्वपूर्ण योजनाहरु सम्पन्नताको चरणमा रहेका छन् । व्यास १, २, ३, ४ मा रहेका खानेपानी उपभोक्ता समितिसँग खानेपानी व्यवस्थापनमा सहकार्य गरिएको छ ।

२७. नगर क्षेत्रभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकताको साथ अगाडि बढाइएकोछ ।

२८. आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको संस्थागत विकास, जनशक्तिको क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न आगामी आ.व.२०८३।८४ का लागि कार्यसम्पादनमा आधारित वडाको सिलिङ्ग बजेटमा न्यून बृद्धि गर्ने नीति लिएको छु । पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । अब म व्यास नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकासतर्फ

**(क) कृषि तथा पशुपन्छी :**

२९. "मल बीउ पानी, कृषिमा लगानी" भन्ने नारा सहित व्यास नगरपालिकामा सहज र सरल बीउ विजन, मलखाद र सिँचाई प्रणालीको व्यवस्था गरिनेछ । बढ्दो रासायनिक मल र विषादीको प्रयोगबाट जनस्वास्थ्य, पशुस्वास्थ्य र वातावरणमा परेको प्रतिकूल असरलाई निरुत्साहित गर्न कृषक अभिमुखीकरण, माटो परीक्षण, कृषि चुन, प्राङ्गरिक मल तथा जैविक बिषादीको प्रयोगलाई प्रोत्साहान दिंदै कृषकहरुलाई प्राङ्गारिक खेतीतर्फ आकर्षण गर्न प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. कृषकहरुको डिजिटल तथ्याङ्क लिई किसान प्रोफाइल तयार गरी परिचयपत्र व्यवस्थापन गरिनेछ । पशुहरुलाई संक्रामक एवं आर्थिक महत्वका रोगहरुबाट जोगाउन पूर्णखोप कार्यक्रम सञ्चालन गरिनेछ । दुध र मासु उत्पादनमा आधारित अनुदान प्रणालीको विकास र प्रवर्द्धन गरिनेछ ।

३१. "गोठ गोठमा भेटेरिनरी र खेत खेतमा कृषि" भन्ने नाराका साथ प्राविधिक सेवालाई सञ्चालन गरी Cow Lifting Machine सहयोग, भिडियो एक्सरे मार्फत गर्भ परीक्षण, hoot cating सेवा, पशु स्वास्थ्य जाँच र सोसँग सम्बन्धित औषधीहरु, बाली रोग निदानको लागी आवश्यक बिषादी र पासोहरु उपलब्ध गराई कृषकहरुलाई सेवा पुऱ्याइनेछ ।

३२. सम्भावित जोखिम न्यूनीकरण गर्न बिमा कार्यक्रममा कृषकको पहुँच बृद्धि गरिनेछ । कृषिको यान्त्रीकरण, कृषि हाट बजारको सञ्चालन तथा उत्पादन तथा बजारीकरणमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

३३. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरुको प्रयोग, फार्म सुधार र यान्त्रीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

३४. व्यास नगरपालिकामा रहेका एग्रोभेटहरुको नियमन गरिनेछ । व्यास नगरपालिका कै उत्पादन, "नगर मै खपत, नगर मै बचत" भन्ने नारा अभियान सहित कृषि उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ । विद्यार्थीहरुको दिवाखाजामा स्थानीयस्तरमा उत्पादित कृषिजन्य खाद्यवस्तुको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।

३५. नागरिक स्तरमा बिमासम्बन्धी चेतनाको अभावका कारणले धेरै कृषकहरुले जोखिममै रहनुपर्ने अवस्थालाई मनन गर्दै कृषिबाली तथा पशुपन्छी बिमाको प्रवर्द्धनका सरोकारवाला लक्षित गरी बिमा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

३६. नगरपालिकाद्वारा वितरण गरिने कृषि तथा पशुपालन सम्बन्धी अनुदानहरु वितरण गर्दा अनिवार्य रुपमा बिमा गरेर मात्र दिइने नीति लिइनेछ ।

३७. कृषि प्रणालीमा रुपान्तरण, स्थान विशेष अनुकुल कृषि किास सहकार्य र साझेदारी मार्फत कृषि विस्तार, स्थानीय श्रोत उपयोगको समुचित कृषि, पशुपालन प्रवर्द्धन, जलश्रोत, माटो र वातावरण संरक्षण, उत्पादनमा आधारित अनुदान, उत्पादन बजारीकरणमा सहयोग, विपद् तयारी अनुकुलन रणनीतिलाई निरन्तरता दिइने नीति लिइनेछ ।

३८. गोवर्धन शर्मा कृषि अनुसन्धान केन्द्रसँगै सहकार्य गरी प्राङ्गारिक खेती प्रणाली एवं परम्परागत बीउ विजन संरक्षण, सम्वर्द्धनका कार्यलाई निरन्तरता दिइनेछ ।

३९. किसानहरुको उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्सको व्यवस्था मिलाइनेछ ।

४०. किसानका पशुपन्छीबाट आउने मल एवं कुहिने फोहोर सङ्कलनबाट प्राङ्गारिक मल उत्पादन गर्न सहकारी वा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(ख) <u>सहकारी</u> :**

४१. सहकारीहरुमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न, सुशासन प्रवर्द्धन र नियमनलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँगको समन्वयमा रही सहकारी संस्थाहरुको अनुगमनलाई निरन्तरता दिइनेछ ।

४२. सहकारी संस्थाहरुसँगको साझेदारीमा सहकारी संस्थाहरुका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. लामो समयसम्म निस्क्रिय रहेका, २ वर्षसम्म साधारण सभा नगर्ने र सहकारी एकीकृत सूचना प्रणाली ( COPOMIS) मा आवद्ध नहुने र प्रतिवेदन नगर्ने सहकारी संस्थाहरुलाई कारबाहीको प्रक्रियामा लगिनेछ ।

४४. नगर क्षेत्रमा रहेका सबै सहकारीहरुलाई वार्षिक रुपमा अध्यावधिक हुनुपर्ने व्यवस्था गरिनेछ । साथै सहकारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नीति लिइनेछ ।

४५. जिल्ला सहकारी संघसँगको सहकार्यमा दमौली क्षेत्रभित्र बखान सिंहको शालिक निर्माण गरी संस्थापकको सम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

**(ग) <u>उद्योग तथा वाणिज्य</u> :**

४६. नगरपालिकामा एकीकृत रुपमा साना तथा मझौला उद्योग स्थापना तथा विकास गर्न एक औद्योगिकग्राम निर्माणका लागि पहल गरिनेछ ।

४७. साना तथा मझौला उद्यमीहरुलाई उत्पादकत्व बढाउन आवश्यक सहयोग पुर्‍याइ नगर भित्रका उत्पादनलाई ब्रान्डिङ गरी नगरको पहिचान बनाइनेछ ।

४८. नगर क्षेत्रमा रहेका उद्योग तथा व्यवसायको प्रोफाइल तयार गरिनेछ । दर्ता नभएका व्यवसायीलाई अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ । दर्ता नवीकरणलाई सहजीकरण गर्दै व्यवसायको स्तरका आधारमा व्यवसायीलाई विविधीकरण गर्ने नीति लिइनेछ ।

४९. जग्गाको वर्गीकरण गर्दा औद्योगिक क्षेत्रमा वर्गीकरण भएका जग्गाको एकीकृत अभिलेख तयार गरी उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार विकास गर्दै लगिनेछ ।

५०. बजार क्षेत्रको सुरक्षाका लागि बजार क्षेत्रमा सि.सि. क्यामराको व्यवस्था गरिनेछ। शहरको सौन्दर्यकरणमा विशेष ध्यान पुर्‍याइनेछ ।

५१. नवप्रवर्तनीय उद्यमशीलता, महिला उद्यमशीलता, रोजगारी प्रवर्द्धनमा र व्यवसायिक परामर्श सेवा सहयोगलाई निरन्तरता दिइनेछ ।

५२. व्यास नगरपालिका भित्र सञ्चालित ग्रिल उद्योग, फिर्निचर उद्योग, इट्टा उद्योग, ब्लक उद्योग, प्लाई उद्योग जस्ता उद्योग तथा ग्यारेजहरुलाई उपयुक्त मापदण्ड बनाई व्यवस्थापन गरिनेछ । साथै उद्योग तथा ग्यारेजलाई नगरपालिका मातहत ल्याइनेछ ।

५३. व्यवसाय दर्ता नवीकरणलाई सहजीकरण गरी व्यवसायको आधारमा व्यवसाय कर लिने नीति लिइनेछ ।

५४. नगरपालिकामा व्यवसाय दर्ता गर्न आउनेहरुलाई उद्योग वाणिज्य संघ र टोल विकास संस्थाको सिफारिसमा व्यवसाय दर्ता गर्ने नीति लिइनेछ । साथै व्यास नगरपालिकामा दर्ता वा सूचीकृत भएका व्यवसायीलाई मात्र अनुदान दिने व्यवस्था मिलाइनेछ ।

**(घ) पर्यटन :**

५५. पर्यटकीय क्षेत्रको प्रचारप्रसारको कार्यक्रमलाई निरन्तरता दिइनेछ । सांस्कृतिक शहर, व्यास नगर भ्रमण वर्ष २०८४ को अवधारणा अगाडि ल्याइ सरोकारवालासँग समन्वय गरी पूर्वतयारीका विभिन्न कार्यहरु अघि बढाइनेछ ।

५६. पर्यटकीय क्षेत्रको पहिचान, विकास, तथा विविधिकरण गर्न सरोकारवाला पक्ष तथा संस्था, निजी क्षेत्र, सामुदायिक वन र सहकारीहरुसँग सहकार्य र साझेदारी विकास गरिनेछ ।

५७. सार्वजनिक निजी साझेदारीमा पार्क, पर्यटकीय गन्तव्य स्थलहरुको निर्माण, सम्बर्द्धन तथा सञ्चालन गरिनेछ । विभिन्न स्थानमा बाल उद्यान्न, पार्क, वनभोज स्थल, संग्रहालय, भ्यूप्वाइट, पोखरी, पर्यटक विश्रामस्थल, होमस्टे आदि निर्माण गरी वन्यजन्तु पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन जस्ता क्षेत्रको विकासमा टेवा पुऱ्याइनेछ ।

५८. यस नगरपालिकामा रहेका सबै धार्मिक स्थलहरुलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

५९. मेला महोत्सव, दमौली महोत्सव, जातीय महोत्सव, सांस्कृति महोत्सव, फूड फेस्टिवल जस्ता कार्यक्रमहरुलाई उपयुक्त स्थान उपलब्ध गराई प्रवर्द्धन गरिनेछ । होमस्टेहरुको प्रवर्द्धन र स्तरीकरण गरिनेछ ।

६०. संघ प्रदेश सरकारको समेत सहकार्यमा घर आवास प्रवर्द्धन (Home Stay), प्राकृतिक, ऐतिहासिक क्षेत्रको संरक्षण एवं पर्यटकीय महत्वलाई अघि बढाइनेछ ।

६१. व्यास पराशर क्षेत्रको धार्मिक पर्यटकीय विकासका लागि व्यासको मूर्ति निर्माण एवं व्यास शिवपाञ्चायन क्षेत्रमा योग तथा प्रवचन भवनको निर्माण कार्य अघि बढाइनेछ ।

६२. व्यास नगरपालिकामा रहेका पर्यटकीय सम्पदा एवं उपजहरुको एकीकृत रुपमा तथ्याङ्क सङ्कलन गरी डिजिटल प्रविधि मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

६३. नगरपालिका भित्रका पर्यटनहरुका लागि बास, खान उपलब्ध गराउने होटलहरुको गुणस्तर अभिवृद्धिका लागि अनुगमन, प्रशिक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६४. व्यास नगरपालिकाका भएर बग्ने मादी नदीको बहुउद्देश्यीय विकासका लागि निर्मित गुरुयोजना अनुसार मादीनदी एकीकृत विकास परियोजना अघि बढाइनेछ ।

## सामाजिक विकासतर्फ :

**(क) शिक्षा :**

६५. "बालबालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा" भन्ने नाराका साथ सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्यरुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

६६. विद्यालय बाहिर रहेका र विद्यालय छोडी आधारभूत तहको शिक्षाको प्रमाणपत्र प्राप्त गर्नबाट बञ्चित बालबालिकालाई वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गरी आधारभूत तहको शिक्षा प्राप्तिको प्रमाणीकरण गरिनेछ ।

६७. नगरपालिका भित्रका अनाथ, असहाय, विपन्न बालबालिकाहरुलाई आधारभूत शिक्षाको सुनिश्चिततताका लागि सञ्चालित व्यास नगर समता आवासीय विद्यालयलाई निरन्तरता दिइ थप क्षमता विकास गरिनेछ ।

६८. आवश्यकताको आधारमा विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयको भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिक संरचना निर्माणमा प्राथमिकता दिइनेछ ।

६९. “जहाँ विद्यार्थी त्यहाँ शिक्षक” भन्ने अवधारणा कार्यान्वयन गर्न विद्यालय समायोजन र दरबन्दी मिलान गरी विद्यार्थी संख्याको अनुपातमा विषयगत तथा तहगत शिक्षकको व्यवस्थापन गरिनेछ ।

७०. शिक्षकको पेशागत क्षमता, प्रविधिमैत्री सीप, अनुसन्धान संस्कृतिको विकास, कार्यसम्पादनमा आधारित प्रोत्साहन मार्फत शिक्षाको गुणस्तरमा प्रभावकारिता ल्याइनेछ ।

७१. विद्यालयका प्रधानाध्यापकको कार्यसम्पादनस्तर मूल्याङ्कनका आधारमा करार अवधि निर्धारण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको हाजिरीलाई नगरपालिकाको मुल प्रणालीसँग जोडी एकद्वार प्रणालीबाट अनुगमन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

७२. निरन्तर मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उपचारात्मक सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । कक्षागत रुपमा उपयुक्त विषयगत शिक्षण सामग्रीको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

७३. निःशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिई बालमैत्री विद्यालय निर्माणमा जोड दिइनेछ । स्यानिटरी प्याड डिस्पोजल मेशिनको व्यवस्थापन गरिनेछ । विद्यालय तथा शिक्षालयहरुमा मनोसामाजिक परामर्श तथा सामाजिक विकृति विरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रममहरु सञ्चालन गरिनेछ ।

७४. आधारभूत तहमा अध्ययन गर्ने छात्रा, दलित र सिमान्तकृत, अपाङ्गता भएका बालबालिकालाई प्रदान गरिने छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ । आर्थिक रुपमा कमजोर महिला, दलित अपाङ्ग, सिमान्तकृत वर्गका व्यक्तिहरुलाई उच्च तथा प्राविधिक शिक्षाको अवसर प्रदान गर्न उच्च शिक्षा तथा प्राविधिक शिक्षामा छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

७५. विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि माध्यमिक र आधारभूत विद्यालयस्तरीय विभिन्न अतिरिक्त कृयाकलापहरु सञ्चालन तथा आधारभूत तथा माध्यमिक विद्यालयका विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीको प्रर्दशनीबाट क्षमता प्रर्दशन गर्ने कार्यक्रम शैक्षिक महोत्सव तथा शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६. विद्यालयका विद्यार्थी तथा शिक्षकको क्षमता विकास एंव गुणस्तर वृद्धि र मनोवल उच्च राख्न विद्यालयमा शिक्षण सिकाईका क्रममा गरिने उत्कृष्ट क्रियाकलाप र हरेक शुक्रबार सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुमा गरिने विद्यालयको उत्कृष्ट गतिविधि तथा क्रियाकलापहरुलाई छोटो भिडियो मार्फत राख्न सकिने Software वा एप्सको विकास गरी उक्त उत्कृष्ट गतिविधि तथा क्रियाकलापहरुलाई मूल्याङ्कन गर्न आवश्यक मापदण्ड निर्माण गरिनेछ र सो मापदण्ड बमोजिम प्रत्येक महिनाको प्रधानाध्यापक बैठकमा Student of the month, Teacher of the month र School of the month घोषणा गरी पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

७७. संस्थागत विद्यालयहरुलाई नगरपालिकाबाट सञ्चालन गरिने हरेक शैक्षिक तथा अतिरिक्त कृयाकलापमा संलग्न गराउँदै संस्थागत सामुदायिक विद्यालयका असल अभ्यासहरुलाई अनुशरण गर्दै एक आपसमा असल अभ्यास आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७८. फरक क्षमता भएका बालबालिकाहरु अध्ययन गर्ने स्रोतकक्षा सञ्चालित विद्यालयका बालबालिकाहरुको अपाङ्गताको प्रकृति अध्ययन गरी प्रकृति मिल्ने विद्यार्थीहरुलाई सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी एकीकृत गरी एउटै विद्यालयमा आवासीय सुविधा सहित पठनपाठनको व्यवस्था मिलाइनेछ ।

७९. विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्न पानी जाँच तथा खानेपानी प्रणालीको सुधारको लागि आर्सेनिक र पिउन योग्य भए नभएको गुणस्तर जाँच गरिनेछ । स्मार्ट खानेपानी सञ्चालन भएका विद्यालयहरुको अनुभवका आधारमा थप विद्यालयमा विस्तार गरिनेछ ।

८०. दीगो विकास लक्ष्य कार्यान्वयनको लागि शैक्षिक रणनीतिक योजनाको स्थानीयकरण, प्रविधिमैत्री शैक्षिक कार्यक्रम सञ्चालन गरी बदलिंदो परिस्थिति र समयसापेक्ष शिक्षण सिकाईलाई सूचना प्रविधिसँग जोडी इ लर्निङ (E-Learning) कक्षा सञ्चालनमा पहल गरिनेछ ।

८१. विद्यालय परिसर सुधारका कार्यक्रम सञ्चालन गरी शौचालय निर्माण तथा सुधार, पिउने पानीको व्यवस्थाका साथै विद्यार्थीको शारीरिक, मानसिक तथा संवेगात्मक विकासको लागि बालमैत्री उद्यान, कक्षाकोठा, प्रयोगशाला, ICT LAB, पुस्तकालय, वाचनालय, चमेनागृह आदिको आवश्यकीय पूर्वाधारहरुको व्यवस्था गरिनेछ ।

८२. व्यास नगरको कला, संस्कृति, सम्पदा, कृषि, पर्यटन लगायतका विषयहरु समेटेर तयार भएको (कक्षा १-८) को स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) को सहजीकरणका लागि शिक्षक निर्देशिका, कार्यपुस्तक, नगर संग्रहालय र मनोरञ्जनात्मक शैक्षिक वातावरण सिर्जना गर्नको लागि शैक्षिक बृत्तचित्र निर्माण लगायतका कार्यमा आवश्यक व्यवस्था मिलाइनेछ ।

८३. प्रसुति बिदा लिई बिदामा बसेका शिक्षकहरुको ठाँउमा वैकल्पिक शिक्षक (सट्टा शिक्षक) को व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

८४. आदिवासी, जनजाती तथा लोपोन्मुख जातजातीहरुको भाषा, धर्म, संस्कृति, संस्कार, रितीरिवाजको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

८५. "हाम्रो शिक्षा हाम्रै भाषामा" नीति लागु गर्दै यस नगरपालिकामा कक्षा ८ सम्मका विद्यार्थीहरुलाई स्थानीय विषय अन्तर्गत इच्छुक विद्यार्थीहरुलाई संस्कृत, मगर, गुरुङ, नेवारी, मदर्शा शिक्षा मातृभाषामा पठनपाठन गराइनेछ । स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

८६. विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि सान्दर्भिक (Relevancy) तालिमहरुको व्यवस्था गर्दै उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यार्थीहरुलाई मापदण्ड बनाई सम्मान तथा पुरस्कार कार्यक्रम लागु गरिनेछ ।

८७. सामुदायिक सिकाई केन्द्रमार्फत निरन्तर शिक्षा, आय आर्जन कार्यक्रम र समुदाय परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८८. विद्यालय उमेरमा हुने दूर्व्यसनका विरुद्ध र विपद् तथा महामारीको अवस्थामा बच्ने उपायका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९०. नगर क्षेत्रभित्रका द्वन्द्व पिडित तथा एच.आए.भि. प्रभावित जेहन्दार बालबालिकाहरुलाई शैक्षिक प्रोत्साहन कार्यक्रमको निरन्तरता दिइनेछ ।

९१. व्यास नगरपालिका भित्रका विद्यालयहरुमा हरित विद्यालय विकास कार्यक्रम लागु गरी हरित पर्यावरण प्रवर्द्धन गरिनेछ ।

९२. व्यास नगरपालिकामा रहेको विशेष गरी महिला र विपन्न क्षेत्रका विद्यार्थीहरुले अध्ययन गर्ने एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसको गुणस्तर सुधार एवं विश्वविद्यालय स्थापनाको पूर्वाधार निर्माण, विज्ञान र प्रविधिको अध्ययन व्यवस्थापनका लागि सहयोग पुऱ्याइनेछ ।

९३. बाल श्रममुक्त, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री, महिलामैत्री र युवामैत्री व्यास नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिनेछ । व्यास नगरपालिकामा स्थायी बसोबास भई उच्च शिक्षा हासिल गरिरहेका विज्ञान प्रविधि एवं प्राविधिक शिक्षा लगायतका विषय अध्ययन गर्ने विपन्न र प्रतिभावान विद्यार्थीहरुलाई अनुसन्धान गर्ने कार्यमा र नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का विपन्न वर्गका छात्रछात्राहरुलाई अध्ययन गर्नका लागि प्रदान गरिने छात्रबृत्ति सहयोगलाई निरन्तरता दिइनेछ । यसरी छात्रबृत्ति प्रदान गर्दा दलित र जनजाति वर्गका विपन्न छात्राहरुलाई प्राथमिकता दिइनेछ ।

९४. "ज्ञान नै समृद्धिका आधार" भन्ने मान्यताका साथ व्यास नगरपालिका भित्र अनुसन्धान सामग्री सहितको विशिष्ट कृतिहरुको संगालो भएको डिजिटल पुस्तकालय (Digital Library) स्थापना गरी उच्च शिक्षा तथा विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क अध्ययन, अनुसन्धानको व्यवस्था मिलाइनेछ ।

९५. व्यास नगरपालिका भित्रका माध्यमिक तह कक्षा ११, १२ र क्याम्पस कलेजहरुमा अध्ययनरत १० प्रतिशत विद्यार्थीहरुलाई अनिवार्य छात्रबृत्ति दिनुपर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

९६. व्यास नगरपालिकामा रहेको पुस्तकालयलाई व्यवस्थित रुपले सञ्चालन गरी सोको प्रभावकारीताको आधारमा अन्य वडाहरुमा वाचनालयको व्यवस्था एवं सुदृढीकरणमा सहयोग पुऱ्याइनेछ ।

**(ख) <u>युवा तथा खेलकुद :</u>**

९७. "नगर प्रमुखसँग युवा कार्यक्रम" लाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ । प्रतिभावान युवाको खोजी गरी उत्कृष्ट प्रतिभालाई सम्मान तथा प्रोत्साहन गरिनेछ । साथै नगरको समग्र विकासमा युवाको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

९८. सामाजिक विकृति विरुद्ध युवा सचेतना अभियान सञ्चालन गरिनेछ ।

९९. मानहुँकोट-पुलिमऱ्याङ शहिद पार्क र व्यास गुफा-तनहुँसुरको खुला एवं महिला हाफ म्याराथन प्रतियोगिता मितव्ययी ढङ्गले सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ ।

१००. विद्यार्थीको सर्वाङ्गिण विकासकालाई टेवा पुऱ्याउन माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिई विभिन्न खेलका उत्कृष्ट विद्यार्थीहरु छनौट गरी प्रदेशस्तर र राष्ट्रियस्तरका विभिन्न खेलहरुमा सहभागी गराई नगरबाट खेलाडीहरु उत्पादन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०१. युवाको ऊर्जा, सिर्जनशीलता, सीप, नवप्रवर्तन र खेल प्रतिभालाई नगर विकासको प्रमुख शक्तिका रूपमा परिचालन गर्दै सक्षम, स्वस्थ, अनुशासित, उद्यमशील र जिम्मेवार नागरिक निर्माण गरिनेछ ।

१०२. रोजगारी, उद्यमशीलता, सूचना प्रविधि, खेलकुद तथा नेतृत्व विकासमार्फत व्यास नगरपालिकालाई युवा अवसर र खेलकुदमैत्री नगरका रूपमा विकास गरिनेछ ।

१०३. नगरपालिका भित्र खेलिने फुटवल, भलिवल, व्याड्मिन्टन, कराँते, टेवल टेनिस विधाका खेलकुद प्रवर्द्धनका लागि नगर स्तरीय खेलकुद समितिमार्फत दीर्घकालीन सोचका साथ विभिन्न क्लब, विद्यालय, क्याम्पस, वडा स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गरिनेछ ।

१०४. मेयर कप नगरस्तरीय खुल्ला फुटवल प्रतियोगिता, उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, अन्तर वडा भलिवल प्रतियोगिता, मेयर कप खुल्ला व्याड्मिन्टन प्रतियोगिता लगायतका खेलहरुलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । साथै यस नगरपालिका भित्र हुने प्रदेश एवं संघस्तरीय खेल व्यवस्थापनमा सहकार्य गरिनेछ ।

१०५. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई खेलकुद क्षेत्रमा विकास गर्नका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ र समय तालिका बनाई खेलकुद प्रशिक्षकबाट प्रत्येक विद्यालयमा खेलकुद प्रशिक्षण गराइनेछ ।

१०६. युवाको सीप, सिर्जनशीलता, नवप्रवर्तन र उद्यमशीलतालाई नगर विकासको प्रमुख आधारका रूपमा स्थापित गर्दै व्यास नगर युवा परिषद्लाई पुनर्गठन गरी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०७. युवा प्रतिभाको खोज, विकास र सम्मानका लागि "नगर युवा प्रतिभा सम्मान कार्यक्रम" सञ्चालन गरिनेछ ।

१०८. सामाजिक उत्तरदायित्व, स्वयंसेवा र नागरिक कर्तव्यप्रति युवाहरूलाई प्रेरित गर्न स्वयंसेवी युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. लागूपदार्थ दुर्व्यसन, साइबर अपराध, आत्महत्या न्यूनीकरण तथा सामाजिक विकृति विरुद्ध युवा सचेतना अभियान सञ्चालन गरिनेछ ।

११०. विदेशबाट फर्किएका युवाहरूको ज्ञान, सीप र अनुभवलाई स्थानीय विकास तथा उद्यमशीलतामा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१११. युवा क्लब तथा खेलकुद संस्थाहरूलाई परिणाममा आधारित सहकार्य र साझेदारी प्रणालीमार्फत परिचालन गरिनेछ ।

११२. खेलकुदलाई नागरिक स्वास्थ्य, अनुशासन, सामाजिक सद्भाव र व्यक्तित्व विकासको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ ।

११३. "एक वडा-एक खेल मैदान" अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै खेल पूर्वाधार विस्तार गरिनेछ ।

११४. व्यास नगर प्रज्ञा प्रतिष्ठानको माध्यमबाट प्रतिभावान खेलाडीहरूको पहिचान, प्रशिक्षण, छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायका युवाहरूको खेलकुद र नेतृत्वमा सहभागिता अभिवृद्धि गरिनेछ ।

११६. स्थानीय तथा परम्परागत खेलहरूको संरक्षण, सम्वर्द्धन र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. खेल पूर्वाधार विकासको लागि विद्यालयहरुमा खेलमैदानको पूर्वाधार विकासमा जोड दिइनेछ ।

११८. अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशस्तरीय खेलमा पदक जित्ने खेलाडीलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

**(ग) <u>भाषा, साहित्य, कला तथा संस्कृति</u>** :

११९. महर्षि वेदव्याससँग सम्बन्धित ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गरी व्यास नगरको विशिष्ट पहिचानलाई थप सुदृढ बनाइनेछ ।

१२०. व्यासभूमिको इतिहास, संस्कृति तथा सभ्यताको दस्तावेजीकरण, प्रकाशन तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. साहित्यिक तथा सांस्कृतिक राजधानीका रूपमा व्यास नगरपालिकाको पहिचान स्थापित गर्न राष्ट्रियस्तरका साहित्यिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ ।

१२२. भाषा, साहित्य, कला, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै व्यास नगरपालिकाको मौलिक पहिचान, गौरव र सांस्कृतिक समृद्धिलाई सुदृढ बनाइनेछ ।

१२३. स्थानीय भाषा, साहित्य, कला र संस्कृतिलाई शिक्षा, पर्यटन तथा सामाजिक विकाससँग आबद्ध गर्दै सांस्कृतिक रूपले समृद्ध र सभ्य नगर निर्माण गरिनेछ ।

१२४. व्यास नगरपालिका भित्र रहेका भाषा, साहित्य, कला, संस्कृति, परम्परा, रीतिरिवाज तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१२५. स्थानीय भाषा, मातृभाषा तथा लोकसाहित्यको संरक्षण र पुस्तान्तरणका लागि अध्ययन, अनुसन्धान, प्रकाशन तथा अभिलेखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. नगर भित्रका साहित्यकार, कलाकार, संस्कृतिकर्मी तथा स्रष्टाहरूको सम्मान, प्रोत्साहन र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. लोकसंस्कृति, लोककला, लोकभाका, लोकगीत, लोकनृत्य तथा मौलिक सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१२८. नगरको ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण, प्रचारप्रसार तथा उपयोगमा जोड दिइनेछ ।

१२९. साहित्य, कला तथा संस्कृतिको विकासका लागि महोत्सव, प्रदर्शनी, प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१३०. युवा पुस्तामा भाषा, साहित्य, कला र संस्कृतिप्रति आकर्षण बढाउन विद्यालय तथा समुदायस्तरमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३१. स्थानीय स्रष्टाका कृति, अनुसन्धान तथा प्रकाशनलाई प्रोत्साहन गर्दै नगरस्तरीय प्रकाशन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. डिजिटल प्रविधिको प्रयोगमार्फत नगरका सांस्कृतिक, साहित्यिक तथा ऐतिहासिक सम्पदाको अभिलेखीकरण गरिनेछ ।

१३३. नगरको विशिष्ट सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सांस्कृतिक पर्यटनसँग जोडिएका कार्यक्रम सञ्चालन गरिनेछ ।

**(घ) <u>महिला तथा बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक</u>**

१३४. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको अधिकार, सुरक्षा, सम्मान, समान अवसर र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समावेशी, न्यायपूर्ण र मानवमैत्री समाज निर्माण गरिनेछ ।

१३५. सामाजिक रूपमा पछाडि परेका तथा संरक्षण आवश्यक समूहहरूको सशक्तीकरण, सामाजिक सुरक्षा र जीवनस्तर सुधारलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको अधिकार, सम्मान, सुरक्षा र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समावेशी समाज निर्माण गरिनेछ ।

१३७. महिलाको आर्थिक सशक्तीकरण, उद्यमशीलता विकास तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता अभिवृद्धि गरिनेछ ।

१३८. हिंसा पिडित महिलाहरुको लागि निशुल्क कानुनी तथा मनोसामाजिक परामर्श सहितको सेवा प्रदान गरी पारिवारिक तथा सामाजिक पुनर्मिलन नहुन्जेलसम्म आवश्यक संरक्षण गरिनेछ ।

१३९. लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी सचेतनामूलक कार्यक्रम मार्फत टोल, वस्ती तथा समुदाय स्तरमा सचेतना अभिवृद्धि गरिनेछ ।

१४०. समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी सामाजिक सचेतीकरणमा अभिवृद्धि गरिनेछ ।

१४१. लैङ्गिक हिंसा विरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरुमा समय सापेक्ष सचेतनामूलक कार्यक्रम सञ्चालन गरी महिला हक अधिकारका विषयमा छलफल तथा अन्तरक्रिया गरिनेछ ।

१४२. अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण र सीप विकास तालिम लगायत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. "सम्पूर्ण महिला सबैभन्दा पहिला'' भन्ने नारा सहित एकल, विपन्न तथा पिछडिएका महिलाहरुको सशक्तीकरण र क्षमता विकास गरी मूल प्रवाहमा ल्याइनेछ ।

१४४. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुका ज्ञान, सिप र अनुभवलाई नगरको समृद्धिका लागि उपयोग गरिनेछ ।

१४५. महिला तथा बालबालिकासँग उपप्रमुख कार्यक्रम अन्तर्गत एकल तथा विपन्न महिलाहरुका लागि सीपमूलक तालिम, बीउ पूँजी प्रदान, प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४६. अपाङ्गता भएका व्यक्ति, असहाय तथा एकल महिला एंव ज्येष्ठ नागरिकलाई लक्षित गरी आवास, विशेष पार्क र उद्यान निर्माण गरिनेछ ।

१४७. अभिभावक विहिन तथा सडक बालबालिकाहरुको उद्दार र संरक्षण गरी आवसीय सुविधा सहित व्यास नगर समता विद्यालयमा पठनपाठनको प्रबन्ध मिलाइनेछ ।

१४८. बालमैत्री स्थानीय शासन नगरपालिका घोषणाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४९. अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरता तथा सामाजिक सहभागिता बढाउन सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५०. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र पुनर्स्थापनाका कार्यक्रम ल्याइनेछ । साथै सार्वजनिक भवन एवं संरचनाहरु अपाङ्गतामैत्री बनाइनेछ ।

१५१. व्यास नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गरी उनीहरुको आत्मनिर्भरता र सम्मानको वातावरण निर्माण गर्न गराउन अपाङ्गता सम्बन्धी व्यास नगरपालिकामा कृयाशील संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१५२. अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य परीक्षण, सीप विकास तालिम एवं अपाङ्गता क्षेत्रका व्यक्तिहरु मात्र सहभागी हुने खेलकुदहरुको व्यवस्थापन गरिनेछ ।

१५३. अपाङ्गता क्षेत्रको सेवा विस्तारका लागि नगरपालिकामा अपाङ्गता सहायता कक्ष र दोभाषेको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१५४. एकल महिला, असहाय, जोखिममा रहेका बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि लक्षित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५५. मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा सामाजिक पुनर्स्थापना सम्बन्धी सेवाहरू विस्तार गरिनेछ ।

१५६. महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित तथ्याङ्क, अभिलेख तथा सूचना प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ ।

१५७. सामुदायिक संस्थाहरू, महिला समूह, बाल क्लब तथा ज्येष्ठ नागरिक समूहसँग सहकार्य गरी सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ङ) <u>जनजाति सहयोग कार्यक्रम</u> :**

१५८. व्यास नगरपालिका भित्रका आदिवासी जनजातिहरुको भाषा तथा संस्कृतिको अध्ययन गर्न चाहने स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्तालाई प्रस्तावनाका आधारमा सहयोग उपलब्ध गराइनेछ । यस विषयमा शोध गर्न चाहने स्नातकोत्तर अध्ययनरत आदिवासी जनजातिका विद्यार्थीहरुलाई अध्ययन सहयोग उपलब्ध गराइनेछ ।

१५९. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जात जनजातिहरुको अवस्था अध्ययन गरी मौलिक संस्कृतिलाई संरक्षण गरी लोपोन्मुख जाति, जनजाति, मुस्लिम र अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याइनेछ । साथै सबै जातका जनजातिहरुको मौलिकता झल्कने गरी संग्रहालय निर्माणमा सहयोग पुऱ्याइनेछ ।

१६०. लोपोन्मुख र अति सिमान्तकृत आदिवासी जनजाति समुदायको लागी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सुरक्षाको प्रत्याभूति गरिनेछ । साथै उच्च शिक्षा प्रदान गर्न सहयोग पुऱ्याइनेछ ।

१६१. आदिवासीहरुको परम्परागत पेशासँग सम्बन्धित व्यास नगरपालिका भित्रका नदी, खोलाहरुमा माछा वृद्धि गरिनेछ र माछा मार्ने परम्परागत पेशा संकटमा परे पश्चात् दैनिक छाक टार्न समस्यामा परेका चेपाङ्ग, बोटे जातिका व्यक्तिहरुलाई विशेष सहयोग कार्यक्रम ल्याइनेछ ।

१६२. जनजाति लगायत सबै जातिय पहिचानका सिफारिस दिनुपर्दा सबै वडाहरुबाट निशुल्क सिफारिस उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

**(च) <u>दलित उत्थान कार्यक्रम</u> :**

१६३. समग्र दलितहरुको हक अधिकार सुरक्षित गरी परस्पर सद्भाव विकसित गर्न कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न, नगरलाई “जातिय भेदभाव मुक्त” नगरपालिका बनाउन आवश्यक सबै व्यवस्था मिलाइनेछ ।

१६४. दलितका परम्परागत पेशालाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि परम्परागत आरनहरुको आधुनीकीकरण, पञ्चे बाजा, नौमति बाजा र सिलाई पेशामा आवद्ध व्यक्तिहरुलाई तालिम एवं मेशिन खरिद अनुदान, छालाको काम गर्नेलाई मेशिन खरिद अनुदान तथा अन्य परम्परागत पेशामा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१६५. नेपालको संविधान र कानुनी प्रावधान अनुरुप सामाजिक हार्दिकताका लागि छुवाछुत र विभेदजन्य कुसंस्कारको अन्त गर्न मानवीय आधारमा सबै जात, धर्मका मानिसहरुको सम्मान र स्वाभिमानका लागि व्यास नगरपालिकालाई "छुवाछुत मुक्त नगरपालिका" घोषणा गर्दै छुवाछुतको दु:खद घटना यस नगरपालिका भित्र आएमा पिडीतको तर्फबाट कानुनी प्रतिरक्षाको जिम्मेवारी लिइनेछ ।

१६६. परम्परागत सामाजिक विभेदबाट पछाडि परेको दलित छात्रछात्राहरुको कक्षा ११, १२ र उच्च शिक्षा अध्ययनमा छात्रबृत्तिको व्यवस्था मिलाइनेछ ।

१६७. आदिवासी, दलित जातिय पहिचानको प्रमाणित सिफारिस गर्दा दस्तुर लिइने छैन ।

**(छ) <u>स्वास्थ्य :</u>**

१६८. व्यास नगरपालिकामा बसोबास गर्ने नगरवासीको नसर्ने रोगको स्क्रिनिङ्ग र उपचारको व्यवस्था मिलाइनेछ । मानसिक स्वास्थ्य सेवा विस्तार तथा समुदाय स्तरमा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य सेवालाई समुदाय स्तरमा पहुँच वृद्धि गर्न संघ र प्रदेश सरकारसँग साझेदारी गरी मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

१६९. क्षयरोग, कुष्ठरोग, एच.आई.भि. जस्ता सरुवा रोग, खोपबाट बचाउन सकिने रोग, औलो, कालाजार, डेंगु लगायतका जलवायू संवेदनशील रोगको समुदाय स्तरमा सकृय खोजपड्ताल, प्रतिकार्य तथा एकीकृत निगरानीलाई गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी प्रभावकारी बनाइनेछ ।

१७०. प्रदेश सरकारसँगको सहकार्यमा ध्यान तथा योग शिविर सञ्चालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ । आयुर्वेद चिकित्सालयमा पूर्वकर्म, योग, अकपञ्चर, स्वस्थ जीवनशैली लगायतका सेवा एकीकृत रुपमा सञ्चालन र विस्तार गरिनेछ । योग शिविर, ध्यान र स्वास्थ्य सम्बन्धी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरी सबै नागरिकलाई स्वस्थ रहन सहयोग पुऱ्याइनेछ ।

१७१. व्यास १० दुम्सीबजारमा सञ्चालनमा आएको "व्यास नगर अस्पताल" लाई सुत्केरी सेवा समेत उपलब्ध गराउने गरी सेवा विस्तार गरिनेछ ।

१७२. व्यास नगरपालिका भित्रका गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण एवं संस्थागत सुत्केरी सेवालाई प्रभावकारी बनाउन निशुल्क एम्बुलेन्स सेवा र गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७३. गर्भवती महिला, सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य निगरानी एवं सहयोगका लागि प्रसुतिकर्मी (Midwives) र जन्मजातदेखि अटिजम भएका बालबालिकाको पहिचान एवं संरक्षण शिक्षाका लागि छात्रबृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. "स्वास्थ्य सेवा, नगरवासीलाई टेवा" भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नगरवासीको सहज पहुँच सुनिस्चित गर्न नगरका सबै वडाहरूमा स्थापना भएका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवालाई निरन्तरता दिइनेछ । व्यास नगर अस्पतालको सेवालाई प्रभावकारी बनाइनेछ ।

१७५. नवशिशु तथा बाल स्वास्थ्य, पूर्ण खोप, पोषण, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापन, महामारी रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।

१७६. "नगर प्रमुखसँग ज्येष्ठ नागरिक" कार्यक्रम अन्तर्गत घरदैलोमा पुगी सबै जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण एवं परामर्श कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७७. महिला बालबालिका र प्रजनन् स्वास्थ्यका क्षेत्रमा उल्लेख्य भूमिका खेलिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरूको क्षमता अभिवृद्धि कार्यक्रम ल्याइनेछ र ६० वर्ष उमेर पूरा भएका स्वयंसेविकाहरुलाई स-सम्मान बिदाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७८. मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवाको लागि मनोसामाजिक परामर्शकर्ताहरुको व्यवस्था गरी मानसिक बिरामीलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन मनोसामाजिक परामर्शकर्ताहरुलाई सबै वडामा परिचालन गरिनेछ । साथै स्वास्थ्य केन्द्रहरू मार्फत वडावडामा नसर्ने रोग सम्बन्धी सचेतना, स्क्रीनिङ्ग तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१७९. किटजन्य रोग, मलेरिया, डेगूँ, स्क्रप टाइफस, कालाजार जस्ता परजीवीहरूबाट सर्ने रोग तथा जंगली जनावरहरूबाट सर्ने रेबिज रोग लगायतको प्रकोप बढ्दै गएकोले रोगको निगरानी, रोकथाम, निदान, उपचार तथा व्यवस्थापनको लागि आवश्यक तयारी एवं वडा तथा समुदाय परिचालन गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ। व्यास नगरलाई क्षयरोग मुक्त नगरपालिका बनाउन विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८०. गर्भवती तथा सुत्केरी आमा र नवशिशुहरूको स्वास्थ्यका लागि हरेक स्वास्थ्य संस्थामा निशुल्क भिडियो एक्सरे, ई.सि.जि. सेवा तथा घरघरमा नर्सिङ्ग स्वास्थकर्मी परिचालन गरी स्वास्थ्य जाँचको कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गरिनेछ।

(ज) **गैरसरकारी संस्था समन्वय, सुरक्षित आप्रवासन कार्यक्रम र लागु औषध नियन्त्रण :**

१८१. व्यास नगरपालिकालाई कार्यक्षेत्र बनाई क्रियाशील गैरसरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गराई नगरपालिकाको आवश्यकता तथा प्राथमिकताको आधारमा नगरपालिकासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

१८२. वैदेशिक रोजगारबाट प्राप्त आय र सोको सदुपयोग सम्बन्धी वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्दै वैदेशिक रोजगारीको क्रममा अप्ठ्यारोमा परेका व्यक्ति तथा परिवारलाई कानुनी सहायता सेवा, मनोसामाजिक परामर्श सेवालाई विस्तार एवं सुचारु गर्दै संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सामाजिक संघसंस्थासँग सहकार्य र समन्वय गरिनेछ।

१८३. गैसस समेतको सहयोगमा लागू औषध दुर्व्यसन नियन्त्रण र न्यूनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक र नियन्त्रणमूलक र सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। गैससका आगामी वर्षका कार्यक्रम सबै नगर सभामा पेश गर्न लगाई पारित गरेपछि मात्र कार्यान्वनमा लैजाने नीति लिइनेछ।

१८४. राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य, शिक्षा लगायतका कार्यक्रमहरु अघि बढाइनेछ।

(झ) **सामाजिक सुरक्षा कार्यक्रम :**

१८५. अनलाइन विद्युतीय राष्ट्रिय परिचयपत्रमा आधारित एम.आई.एस. प्रणालीमार्फत व्यवस्थित सहज सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली विकासको नीति अवलम्बन गरिनेछ।

१८६. राष्ट्रिय परिचयपत्रमा आधारित सामाजिक सुरक्षा भत्ता प्रणाली लागु गराउन नवीकरण तथा नयाँ प्रविष्टीमा सो सम्बन्धी अभियान सञ्चालन गरिनेछ।

१८७. लगत कट्टा तथा अनलाइन मार्फत EFT भुक्तानी व्यवस्थापन प्रणाली मार्फत वितरणमा सहजीकरण गरिनेछ।

१८८. नेपाल सरकारका स्वास्थ्य लगायतका भत्ताहरुमा दोहोरो नपर्ने गरी एकीकृत सामाजिक सुरक्षा भत्ता प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रकृया मार्फत सम्बन्धित वडाहरुमार्फत वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८९. सबै विपन्न सिमान्तकृत दलित वस्तीहरुमा सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१९०. अशक्त अपाङ्ग तथा शारिरिक रुपमा हिडडुल गर्न नसक्नेलाई सामाजिक सुरक्षा भत्ता घरमै वितरणको व्यवस्था मिलाई दुरुपयोग हुनसक्ने जोखिम हटाइनेछ। साथै सामाजिक सुरक्षा भत्ता सदुपयोग तथा अनुगमन निरीक्षण वर्ष सन् २०२६ कार्यक्रम सञ्चालन गरिनेछ।

## पूर्वाधार विकासतर्फ :

(क) **पूर्वाधार :**

१९१. व्यास नगरपालिका भित्र रहेका सडकहरुलाई बाह्र महिना सञ्चालनमा ल्याउन मिल्ने गरी स्तरोन्नति गरिनेछ। साथै सडकहरुको लगत कट्टा गर्दै जाने व्यवस्था मिलाइनेछ।

१९२. दीर्घकालीन योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना, एकीकृत शहरी विकास कार्यक्रमको मार्ग निर्देशन अनुसार नगरपालिकाको सन्तुलित विकास अवधारणा अघि बढाइनेछ।

१९३. शहरी वडाहरुमा वर्षात्मा आउने पानी र घरघरबाट आउने ढलको पानीलाई उपयुक्त ढलको व्यवस्था साथै निकासको व्यवस्था सहित फोहोर पानी प्रशोधन केन्द्र सहितको गुरुयोजना तयारी गरी क्रमशः कार्यान्वयनमा लैजाने गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१९४. व्यास नगरपालिका र नेपाल विद्युत प्राधिकरणको सहकार्यमा शहरी वडाहरुमा स्मार्ट लाइट र ग्रामिण वडाका सबै गाउँमा विद्युतीकरण गर्ने र सडक बत्तीलाई व्यवस्थित गराई उज्यालो नगरपालिका बनाउने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१९५. व्यास १० दुम्सीचौरमा निर्माणाधीन नारेश्वर तालबाट पानी लिफ्ट गरी दुम्सीचौर क्षेत्रमा कृषि सिंचाईको व्यवस्था मिलाउने कार्यमा गण्डकी प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१९६. नगरवासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा सबै वडाको प्रत्येक वस्ती, टोल संस्थाको सहभागिता एवं परामर्शमा समतामूलक विकास आयोजनाहरु छनौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९७. नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयबाट नेपालमा ग्रामिण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण २०७८ अनुसार वडा नं.१, २, ३, ४ शहरी वडा, वडा नं.५ र १० अर्धशहरी वडा र अन्य वडाहरु ग्रामिण वडामा विभाजन भएको हुँदा विकास आयोजनाहरुको सञ्चालनमा उपभोक्ताहरुको अपनत्व रहने गरी आयोजनाको प्रकृति र लाभान्वित जनसंख्याको आधारमा लागत सहभागिताका योजनामा ग्रामिण वडामा १५ प्रतिशत, अर्धशहरीमा वडामा २० प्रतिशत र शहरी वडामा २५ प्रतिशतसम्म रहनेछ । अन्य योजनाहरुमा प्रचलित कानुनसँग नबाझिने गरी उपभोक्ता मार्फत हुने काममा ग्रामिण वडामा ५, अर्धशहरी वडामा १० र शहरी वडाहरुमा १५ प्रतिशत लागत सहभागिता रहने व्यवस्था गरिएको छ । विकास आयोजनाहरुमा आगामी आर्थिक वर्षबाट उपभोक्ता समितिबाट गरिने रु.दश लाखभन्दा कमका योजनामा ३ प्रतिशत मात्र कन्टिन्जेन्सी कट्टा गरिने व्यवस्था गरिनेछ । अन्य योजनाहरुमा ५ प्रतिशत कन्टिन्जेन्सी यथावत राखी उक्त ३ र ५ प्रतिशत कन्टिन्जेन्सीबाट ५० प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

१९८. शहरी क्षेत्रका चोक, सडक पेटी र जीर्ण सडकहरु सडक बोर्ड नेपाल समेतको सहयोगमा स्तरीकरण गरिनेछ । नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१९९. व्यास २ गणेशमान पार्कमा भएको जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको जग्गा कानुनी प्रकृया पुरा गरी पार्क निर्माण गर्न जिल्ला समन्वय समिति मार्फत नेपाल सरकारमा माग गरिएकोमा हालसम्म प्राप्त नभएकोले उक्त अभियानलाई निरन्तरता दिइनेछ ।

२००. दमौली बजारमा जोडिने बुद्धसिं मार्ग, व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, पराशर मार्ग, छाब्दी मार्ग, तालघरे दुम्सीचौर मार्ग, बागेश्वरी मार्ग, मुक्तिनारायण मार्ग, सिन्धु मार्ग, कालिका मार्ग स्तरीकरण एवं वडा कार्यालय पहुँच मार्गहरुलाई प्राथमिकतामा राखी स्तरीकरण गर्न विशेष जोड दिइनेछ ।

२०१. मादी, साँगे, बुल्दी, छाब्दी, कलेस्ती, रिस्ती लगायतका नदी खोलाहरुले कटान गरेको वस्ती जग्गाहरुको संरक्षणका लागि संघ एवं प्रदेश सरकारसँग सहकार्य गरी तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ ।

२०२. सबै वडाहरुको आफ्नै कार्यालय भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ र वडा भवन निर्माण हुन बाँकी वडा नं.२ का लागि जग्गा व्यवस्थापन गर्न जिल्ला समन्वय समिति तनहुँसँग कानुन बमोजिम प्रकृया अघि बढाइनेछ । साथै जग्गा प्राप्त हुनासाथ वडा कार्यालय भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२०३. तनहुँ, लमजुङ, कास्की भएर बग्ने सेती, मादी नदी उपत्यकामा रहेका व्यास मार्ग र बुद्धसिं मार्ग यस क्षेत्रका नागरिकहरुको जीवन रेखा भई गण्डकी र बागमती प्रदेश जोडिने सेती मादी करिडोर मार्ग हुँदा उक्त मार्गहरुलाई "व्यास-बुद्धसिं मार्ग" नामाकरण गरी संघ सरकार अन्तर्गत निर्माण एवं विस्तार योजनालाई पूर्णता दिन आवश्यक पहल गरिनेछ ।

२०४. व्यास नगरपालिकाको सबै वडाहरुको वडा विकास योजना (Ward Development Plan) निर्माण गरी आयोजना बैंकमा राखिनेछ । साथै सबै वडाहरुलाई दिगो विकास र सौन्दर्यकरण गर्न सहयोग पुऱ्याइनेछ ।

२०५. सबै वडाहरुको पहलमा निर्माण भएका सडक नालाहरुको सरसफाईको व्यवस्था मिलाइनेछ ।

२०६. लागत सहभागिताका योजनाहरुमा उपभोक्ताको तर्फबाट लाग्ने रकम नगरपालिकामा दाखिला भएपछि मात्र योजना सम्झौता प्रकृया अघि बढाइने नीति लिइनेछ ।

**(ख) सिंचाई :**

२०७. सतह तथा भूमिगत सिंचाई र वर्षायामको पानी सङ्कलन तथा सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गरी वर्ष भरी सिंचाई सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

२०८. गत विगतमा सञ्चालनमा रही हाल विभिन्न कारणले अवरुद्ध रहेका सिंचाई कुलोहरुलाई मर्मत सम्भार गरी पुनः सञ्चालन ल्याइनेछ ।

२०९. खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउन मुख्य सिचाई कुलोहरुको मुहानदेखि नै मर्मत सम्भार गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ ।

२१०. नदी तथा खोलाहरुमा गरिने तटबन्धनलाई निरन्तरता दिइने छ ।

**(ग) खानेपानी तथा सरसफाई :**

२११. नगर क्षेत्रभित्र सञ्चालित खानेपानी सेवालाई प्रभावकारी बनाउन क्षमता विस्तार र वितरण प्रणालीलाई सहजीकरण गरी नागरिकको स्वच्छ र गुणस्तरीय खानेपानी पिउन पाउने अधिकारलाई सुनिश्चित गर्ने नीति लिइनेछ ।

२१२. समग्र नगरको खानेपानी तथा सरसफाईको क्षेत्रमा विद्यमान अवस्थाको समीक्षा गरी यस नगरपालिका भित्रका सबै नागरिकलाई स्वच्छ खानेपानी सेवाको पहुँचलाई अभिवृद्धि गर्न एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।

२१३. नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनमा हाल गरिएको प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सार्वजनिक निजी सझेदारीको मोडल अगाडि बढाइनेछ।

२१४. नगरका सार्वजनिक स्थल र राजमार्गमा रहेका सार्वजनिक शौचालयहरुको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। सम्भावना भएका अन्य स्थानमा सार्वजनिक शौचालयहरु निर्माण गर्ने तथा घुम्ती शौचालयको सशुल्क रुपमा प्रयोग गर्ने नीति लिइनेछ ।

२१५. व्यास नगरपालिका शहरी वडाहरुमा खानेपानीको सेवा पुऱ्याइरहेका दमौली खानेपानी, भादगाउँ खानेपानी लगायत अन्य वडाका खानेपानी उपभोक्ता समितिसँग सहकार्य र सवन्वय गरी सुद्ध खानेपानी सबै व्यास नगरवासीलाई उपलब्ध गराइनेछ ।

**(घ) व्यवस्थित शहरी विकास एवं भूमि व्यवस्थापन :**

२१६. "कलात्मक र सम्पदामैत्री व्यास नगर" को अवधारणा अनुसार व्यास नगरपालिका भित्रका प्राचिन एवं परम्परागत शैलीका साँस्कृतिक पहिचान भल्कने सुरक्षित घर निर्माणमा सहयोग पुऱ्याइनेछ । व्यास नगरपालिका क्षेत्रभित्र नक्सा पास गरी निर्माण हुने घर तथा सार्वजनिक संरचनाहरुमा परम्परागत वास्तुकला, मौलिक पहिचान तथा स्थानीय साँस्कृतिक सम्पदा झल्काउने डिजाइनहरुलाई प्राथमिकता दिइनेछ ।

२१७. व्यास नगरपालिकाका शहरी वडाहरुमा थप आवास व्यवस्थापन हुन नसक्ने हुँदा अर्धशहरी वा ग्रामिण वडाहरुमा आवास विस्तार गर्न व्यास नगरपालिकाको दीगो र समुन्नत शहरी विकासको मेरुदण्डको रुपमा रहेको जग्गा एकीकरण प्रकृया (Land pooling) लाई प्राथमिकतामा राखी कार्य अघि बढाइनेछ ।

२१८. आ.व.२०८३।०८४ मा बैरेनी जग्गा विकासको प्रथम चरणको कार्यसम्पन्न गरी जग्गाधनीहरुलाई जग्गा फिर्ता गरिनेछ । साथै बृहद् बैरेनी जग्गा एकीकरण आयोजना र मानहुँकोट जग्गा विकास आयोजनाको अध्ययन पूरा गरी एकीकरण कार्य अघि बढाइनेछ ।

२१९. व्यास नगरपालिका भित्रका विपन्न घरधनीका लागि निशुल्क नक्सा प्रदान गर्ने कार्यलाई विस्तार गर्दै नयाँ नमूना घर नक्सा तयार गरी सहयोग पुऱ्याइनेछ ।

२२०. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको बसोबास र जीवन पद्धती व्यवस्थित गर्न संविधान र कानुनले प्रदान गरेको अधिकार प्राप्तिमा प्रथम चरणमा भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण कार्य प्राथमिकतामा राखी अघि बढाइनेछ । सबै निस्सा प्राप्त व्यक्तिहरुको जग्गा नापी गर्ने कार्य आ.व.२०८३।०८४ मा सम्पन्न गरी भूमिहिन दलित र भूमिहिन सुकुम्बासी सबैलाई पूर्जा वितरण गरिनेछ ।

२२१. संघीय मापदण्डका आधारमा घर तथा सार्वजनिक संरचना निर्माण मापदण्डलाई अध्यावधिक गरी लागु गरिनेछ ।

२२२. छतको पानी सडकमा खसाल्ने प्रवृत्तिलाई निषेध गरिनेछ र सोको उलंघन गर्नेलाई दण्डको व्यवस्था मिलाइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ :

### (क) वन, वातावरण :

२२३. वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन २०८१ कार्यविधि कार्यान्वयन गरिनेछ । वातावरणमैत्री सूचकका आधारमा वातावरणमैत्री घर, टोल र वडाको घोषणा प्रकृया प्रारम्भ गरिनेछ ।

२२४. "सफा स्वच्छ शहर, स्वस्थ्य व्यास नगर" अभियान अन्तर्गत दिगो फोहर व्यवस्थापनका लागि एकीकृत फोहोरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ । फोहोरलाई श्रोतमा नै न्यूनीकरणमा जोड दिंदै मुख्य बजार क्षेत्रमा फोहोरलाई श्रोतमा नै वर्गीकरण अनिवार्य गर्न विविध कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्था लगायतका सरोकारवालहरुलाई परिचालन गरिनेछ ।

२२५. नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा अगाडि बनाइने छ । फोहोरलाई नगरको आर्थिक श्रोतको रुपमा विकास गरिनेछ ।

२२६. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरणप्रतिको सचेतना विकास गर्नका लागि विद्यार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ ।

२२७. सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकास गरी वन संरक्षण तथा डढेलो नियन्त्रणमा आवश्यक सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

२२८. व्यास नगरपालिका भित्रका कतिपय पार्कहरु सामुदायिक वन क्षेत्रभित्र रहेकाले पार्क व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

२२९. व्यास नगरपालिका भित्र स्रोतमा नै फोहोरमैला वर्गीकरण गरी कुहिने फोहोरबाट बायोग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने र नकुहिने फोहोरमैला व्यवस्थापनका लागि जग्गा खरिद गरिनेछ । साथै उक्त जग्गामा सरसफाई केन्द्र नमूना पार्क, नमूना कृषि फार्म स्थापना गरी पुनः प्रयोगमा आउने सामानहरु बिक्री गरी फोहोरलाई मोहोरमा रुपान्तरण गरिनेछ ।

२३०. नगरभित्र मापदण्ड विपरीतका प्लाष्टिकको कप, प्लेट, झोला प्रयोगमा प्रतिबन्ध लगाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस्को वैकल्पिक व्यवस्थाका लागि नगरवासी र व्यवसायीहरुलाई सचेतनामूलक अभियानका साथै वातावरणमैत्री झोला उत्पादन र प्रयोगमा सहयोग पुर्याइनेछ ।

२३१. व्यास नगरपालिका भित्रका जंगल तथा निजी, कबुलियती, धार्मिक, साझेदारी र सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा समावेश गरी कार्यक्रम ल्याइनेछ । नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता (बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइनेछ ।

२३२. यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा, इनार, धारा, पाटी एवं पौवाहरुको संरक्षण तथा प्रवर्द्धन गरी वातावरणमैत्री नगर बनाइनेछ । साथै जल जंगलको दीर्घकालीन व्यवस्थापनको लागि निर्मित ऐन अभ्यास एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

२३३. नगरका हरेक सामुदायिक वन र वडाहरुमा प्रदेश सरकारसँगको सहकार्यमा एक-एक पोखरी निर्माण गरिनेछ । नगरको केन्द्र दमौली बजारमा सौन्दर्य, वातावरणीय सन्तुलन र विपद् प्रयोजनार्थ पोखरी सहितको बाटिका बनाइनेछ । यस्ता पोखरीहरुमा सम्भावित विपद रोक्न सुरक्षाका उपायहरु लागु गरिनेछ ।

२३४. पानीको मुहान, पोखरी, खोलानाला, नदी जलाधार क्षेत्र, जलचर संरक्षण अभिलेखीकरणको प्रबन्ध गरिनेछ ।

२३५. व्यास नगरपालिका भित्रका नदी खोलाको जग्गा वर्गीकरण प्रतिवेदन बमोजिम मापदण्ड कायम गरी नदी, खोला तथा मुहान संरक्षण र स्वच्छता सम्बन्धी कार्यक्रमहरु ल्याइनेछ । पशुपंक्षी वधस्थलको सञ्चालन एवं व्यवस्थापनमा थप सुधार गरिनेछ ।

२३६. व्यास नगरपालिका भित्र डढेलो नियन्त्रणका लागि सामुदायिक वन समितिसँग सहकार्य गरिनेछ । साथै डढेलो लगाउनेको पहिचान गरी कानुनी कारबाही अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

२३७. वातावरण र जलवायूमैत्री व्यवहार निर्माण गर्न व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहोरमैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षारोपण, जैविक पदार्थ (फोहोर, पराल, नल, ढोढ) र प्लाष्टिक डढाउने कार्य पूर्ण रुपमा बन्द गरिनेछ । स्थानीय स्तरमा जलवायु परिवर्तनका असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गरिनेछ ।

२३८. सडक अधिकार क्षेत्र, सार्वजनिक जग्गा र सडक पेटी अतिक्रमणलाई निषेध गरी त्यस्ता संरचना हटाई शहरको सौन्दर्य एवं सुरक्षा प्रबन्ध मिलाई ट्राफिक व्यवस्थापन गरिनेछ ।

**(ख) <u>विपद् व्यवस्थापन</u> :**

२३९. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई व्यवस्थित गर्दै सबै वडाहरुसम्म यसको प्रशिक्षण दिइनेछ । नगरमा समय समयमा देखिने आगजनी जस्ता घटनाहरुमा तत्काल सहयोग पुऱ्याउन नगरपालिका परिसरमै दमकलमा पानी उपलब्ध गराउने लगायत विपद्जन्य कार्यमा सहयोग गर्ने तालिम प्राप्त जनशक्ति तयार गरिनेछ ।

२४०. सुरक्षित आश्रय स्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्व तयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरु समेतको सहभागितामा गरिनेछ । साथै स्थानीय स्तरमा जलवायु अनुकुलन र जोखिम न्यूनीकरण गर्न हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी पारदर्शीता र सुशासनका अभ्यासहरुलाई अनुशरण गरिनेछ ।

२४१. प्राकृतिक विपद्का घटनाहरु बढिरहेको सन्दर्भमा विपद् पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र विपद् प्रतिकार्य नगर योजना एवं कार्यक्रमलाई प्रभावकारी ढङ्गले निर्माण गरी लागु गरिनेछ । नगरपालिकामा रहेका दमकल, एम्बुलेन्स लगायतका साधनलाई स्तरीकरण गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२४२. विपद्को जोखिममा रहने बालबालिका, महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दीर्घरोगी आदि लक्षित विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम/अभिमुखीकरण /तालिम सञ्चालन गरिनेछ ।

२४३. विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चार माध्यम मार्फत सूचनामूलक सन्देशहरु सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

२४४. वडा, समुदाय र विद्यालयस्तरमा विपद् पूर्व तयारी, सुरक्षा, प्रतिकार्य र चेतनामूलक कार्यको विस्तार गरिनेछ ।

२४५. राहत वितरणका कार्यक्रम सञ्चालन गर्दा नगरको स्वीकृतिमा One Door Policy को आधारमा मात्र गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

२४६. वडा स्तरीय बजेट तथा कार्यक्रममा विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेटलाई रुपान्तरण, शीर्षकान्त र रकमान्तर गरिने छैन ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ :

**(क) सुशासन :**

२४७. असल शासनको आधारभूत मान्यतालाई आत्मसात गदै पारदर्शी, सहभागितामूलक, जवाफदेही सार्वजनिक प्रशासन, कानुनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन कायम गरी सुशासनको प्रत्याभूति गराइनेछ छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट सर्वसाधारणमा सेवा प्रवाह गर्न आवश्यक कार्य गरिनेछ । नगरबाट प्रदान गरिने सेवालाई क्रमशः अनलाइन प्रणालीमा आवद्ध गरी सेवा प्रवाह गरिनेछ ।

२४८. अनुचित कार्य तथा भ्रष्टाचार हुन नदिन निरोधात्मक तथा उपचारात्मक दुवै उपाय अवलम्बन गरिनेछ ।

२४९. व्यास नगरपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दी र कर्मचारीहरु र प्रशासनिक एकाइहरुको कार्य विवरण, २०८२ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै समयानुकुल अध्यावधिक गरिनेछ ।

२५०. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्बन गर्नुका साथै नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानुनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ ।

२५१. नगरपालिकाका सबै कार्यालयमा सि.सि. क्यामरा जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष्य निगरानीमा राखिनेछ ।

२५२. प्रत्येक चौमासिक अवधिमा वडा तहमा र नगरपालिका केन्द्रमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको सम्बोधन गरिनेछ ।

२५३. स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ ।

२५४. नगरपालिका स्थापना भएको दिनलाई हरेक वर्ष नगर दिवसका रुपमा मनाइने अभ्यासलाई निरन्तरता दिइनेछ । सोही अवसरमा उत्कृष्ट कर्मचारीहरु र उपभोक्ता समिति, सबैभन्दा बढी कर तिर्ने करदाता, टोल विकास संस्था, कृषक, पत्रकारलाई  सम्मान र पुरस्कार प्रदान गरिने नीति लिइनेछ ।

२५५. नगरपालिकाको वडा तहबाट विनियोजित बजेटबाट गरिने खरिद प्रकियालाई PAMS का माध्यमबाट सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५६. नगरको सामान्य सेवा सञ्चालन र निर्णयहरु कार्यन्वयनमा सहजीकरण गर्न नगर प्रहरी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

२५७. नगर प्रहरी मार्फत नगरले गरेका नियमनका निर्णयहरुलाई कार्यान्वयन गरी नगरमा सुशासनको वातावरण सृजना गरिनेछ ।

२५८. नगरको सार्वजनिक सम्पत्तिको सुरक्षा, कार्यालयहरुको सुरक्षा प्रबन्धमा विशेष ध्यान दिइनेछ ।

**(ख) पञ्जीकरण :**

२५९. सबै विद्यालयमा घटना दर्ता अभियान सञ्चालन गरिनेछ । घटना दर्तामा राष्ट्रिय परिचयपत्र नम्बर सहितको व्यवस्थापन प्रणालीको विकास गर्दै क्रमश अनिवार्य बनाइनेछ ।

२६०. सूचना फारम डिजिटाइजेसन पछि विवरणको सुरक्षा तथा डिजिटाइज भएका सबै घटना दर्ता किताबका तथ्याङ्कहरुको एम.आइ.एस. प्रणालीमा स्थानान्तरण सहितको सहजता सहितको व्यवस्थापन गरिनेछ ।

२६१. सबै नगरवासी हरुको राष्ट्रिय परिचयपत्र व्यवस्थापनका लागि जिल्ला प्रशासन तथा राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय गरी अनिवार्य परिचयपत्र लागु गराउनुका साथै १६ वर्ष मुनिकाहरुको जन्मदर्तामा परिचयपत्र सृजना हुने व्यवस्थाको अनिवार्य पालना गराई निरन्तरता दिइनेछ ।

२६२. नगरपालिकाले शतप्रतिशत जन्मदर्ता तथा अन्य घटना दर्ता वर्ष सन् २०२६ तथा कार्यक्रम सञ्चालन वर्ष २०८३/८४ का रुपमा कार्य गर्न वडा-वडामा, टोल-टोलमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) सूचना प्रविधि नीति :**

२६३. नगरपालिकालाई सञ्चार र इन्टरनेटको प्रभावकारी व्यवस्थापन मार्फत पालिकालाई सुशासनमा अब्बल बनाइनेछ ।

२६४. आम नागरिकहरु र पर्यटकीय स्थलहरुमा डिजिटल सेवा लिन सहज हुने गरी सार्वजनिक स्थानहरुमा वाईफाई फ्रि जोन (WIFI Free Zone) क्षेत्र कार्यान्वयनमा ल्याइने छ ।

२६५. संघीय सरकारसँग सहकार्य गरी नगरपालिका कार्यालय अन्तर्गतका कार्यालय र सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२६६. व्यास नगरपालिकामा नगरवासीका समस्या तथा गुनासो सुन्न २४ सै घण्टा खुल्ला रहने गरी Call Center को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२६७. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम.रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारणमा निरन्तरता दिइनेछ ।

२६८. पत्रकारहरुको वृत्ति विकास गर्न पत्रकारितामा स्नाकोत्तर तह वा सोभन्दा माथिको उच्च शिक्षा अध्ययन छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइनेछ ।

२६९. नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकास सम्बन्धी विषयमा समाचार सङ्कलन, रिपोटिङ्गमा विशेष योगदान दिने १ जना पत्रकारलाई हरेक वर्ष पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७०. नगरपालिकामा हुने आम्दानी र खर्चको हरेक महिनाको १० गते भित्र कार्यपालिकाको निर्णय गराई सार्वजनीकरण गरिनेछ ।

२७१. व्यास नगरपालिका भित्रका गतिविधिहरुमा नागरिकको गुनासा व्यवस्थित गर्न मुल कार्यालय र सबै वडा कार्यालयहरुमा सूचना बोर्डको व्यवस्था मिलाइनेछ । उक्त सूचना पार्टीमा आफूलाई लागेका गुनासाहरु लेखेर राख्ने प्रबन्ध गरिनेछ ।

**(घ) स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन :**

२७२. तथ्याङ्क समन्वय कार्यालय पोखराको सहयोगमा नगरको प्रोफाइललाई अद्यावधिक गरिनेछ । सबै वडाहरुको तथ्याङ्कलाई अद्यावधिक र व्यवस्थित गराइनेछ ।

२७३. नगर सभाका निर्णयहरुलाई छपाई गरी अभिलेख राखिनेछ। नगर सभा र नगर कार्यपालिकाबाट पारित भएका सबै कानुनहरुलाई राजपत्रमा प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सोको दिगो र स्थायी सुरक्षाको प्रवन्ध मिलाइनेछ ।

२७४. नगर सभा र नगर कार्यपालिकाका निर्णयहरु वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७५. नगरबाट प्रकाशित हुने सबै प्रकारका सूचनाहरु वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

**(ङ) बजार व्यवस्थापन तथा अनुगमन :**

२७६. नगरको बजार क्षेत्र वा घनावस्ती रहेको क्षेत्र, विद्यालय क्षेत्र, र भिडभाड हुने क्षेत्रमा र अन्य वडाको आवश्यक स्थानमा समेत जेब्रा क्रसिङ र ट्राफिक संकेत चिन्ह अंकित बोर्ड राखी बजार तथा सवारी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।

२७७. आवश्यक स्थलमा डस्टविन राखी फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । फुटपाथमा सञ्चालन भएका व्यापार व्यवसायलाई खाली गराई व्यवस्थित गरिनेछ ।

२७८. Infrastructure sharing को मान्यतालाई कार्यान्वयन गर्दै नगर क्षेत्रभित्र रहेका टेलिफोन, केवल तथा इन्टरनेट सम्बद्ध तारहरुलाई व्यवस्थित गरी नगर सौन्दर्य बढोत्तरी गर्ने व्यवस्था मिलाइनेछ ।

२७९. उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरी उपभोक्ताको हित सम्बर्द्धन तथा कालोबजारीलाई नियन्त्रण गर्न बजार अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

**(च) <u>अनुसन्धान तथा विकास</u> :**

२८०. नगरको सबै सडक सञ्जाल समेट्ने गरी MTMP नगर सडक यातायात गुरुयोजना निर्माण गरिएकोमा त्यसको कडाइका साथ पालना गराइनेछ ।

२८१. नगरको समग्र विकासको क्षेत्रलाई समेट्ने गरी दोस्रो आवधिक योजना निर्माण गरिनेछ ।

२८२. राजश्व सम्भाव्यताको अध्ययन गरी नगर क्षेत्रमा प्राप्त हुन सक्ने सबै प्रकारका राजश्वलाई दायरा भित्र ल्याउने प्रयास गरिनेछ ।

२८३. नगरमा कार्यरत कर्मचारीहरुको विषय अनुसार तालिम र क्षमता विकास अध्ययन भ्रमणका साथै खोज तथा अनुसन्धानमूलक कार्यमा क्रियाशील गराइनेछ ।

**(छ). <u>राजस्व तथा वित्त व्यवस्था</u> :**

२८४. दिगो विकासका लागि सबल कर प्रणालीको नारा सहित नगरपालिका क्षेत्रमा रहेका करदाताहरुको विद्युतीय लगत राखी विद्युतीय माध्यमबाटै करदाताको रुपमा इन्ट्री हुने र कर तिर्ने व्यवस्थाको सहजीकरणको व्यवस्था गरिनेछ ।

२८५. नगरपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

२८६. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

२८७. करदाताको सहजताको लागि आवश्यक कार्यविधि निर्माण गरी अग्रिम कर तिर्न सकिने प्रबन्ध मिलाइनेछ । कर नतिर्ने करदातालाई करको दायरामा ल्याउन प्रोत्साहन एवं दण्डात्मक नीति अवलम्बन गरिनेछ ।

२८८. नगरपालिकाले कर सङ्कलनको लागि व्यवस्था गरेको अनलाइन प्रणालीलाई थप व्यवस्थित गरी सबै करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२८९. बाह्य विज्ञापन गर्ने स्थान यकिन गरी तोकिएको स्थान र साइजमा मात्र विज्ञापन सामग्री राख्ने व्यवस्था मिलाइनेछ । साविकमा नगर क्षेत्रमा रहेका विज्ञापन सामग्रीहरुलाई तोकिएको स्थानमा स्थानान्तरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२९०. राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।

२९१. वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने नीति गरिनेछ । QR कोड (द्रुत प्रतिक्रिया संकेत प्रणाली) मार्फत कर सङ्कलन गर्न पहल गरिनेछ ।

२९२. कर तथा सूचना प्रवाहका लागि मोबाइल एप तथा वेभसाइट निर्माण गरी करदाता सुसूचित गर्ने प्रणालीको व्यवस्था मिलाइनेछ

२९३. कर राजश्वमा संलग्न जनशक्तिको कार्यमा सुधार ल्याउन समयानुकुल शिक्षा/तालिमको व्यवस्था मिलाइनेछ ।

२९४ अवैध राजश्व चुहावट रोक्ने नीति अवलम्बन गरिनेछ । जनसहभागिता मार्फत कर सचेतना अभिवृद्धि गरिनेछ ।

२९५. करदाताको समस्या पहिचान स्तरीकरण, सवलीकरणका लागि निजी क्षेत्रहरु उद्योग वाणिज्य संघ आदि संस्थाको साझेदारीमा विशेष योजना सञ्चालन गरिनेछ ।

२९६. "मैले तिरेको कर मेरै पक्षमा" भन्ने नाराका साथ करदाताको पहिचान, स्तरीकरण, सवलीकरणका लागि निजी क्षेत्रहरु उद्योग वाणिज्य संघ, उद्योग संघ, क्षेत्रीय होटल व्यवसायी संघ, बजार इकाइ लगायतका विभिन्न वस्तुगत संघहरुको परिचालन र साझेदारीमा विशेष योजना सञ्चालन गरिनेछ ।

**(ज) बेरुजु फर्छ्यौट :**

२९७. कानुन र विधिसम्मत व्यवस्थाको कडाइका साथ पालना गरी शुन्य बेरुजुको नीति अवलम्बन गर्दै लगिनेछ । यस अघि कायम हुन आएको सबैखाले बेरुजुलाई फछ्र्यौट गराइ सम्परीक्षण गर्न लेखी पठाइने छ । अद्यावधिक वेरुजु न्यूनीकरण गर्न अधिकतम प्रयास गरिनेछ ।

२९८. बेरुजु रहने वडा र विषयगत शाखालाई दिइने सिलिङ्गमा निश्चित अंक घटाउने नीतिलाई निरन्तरता दिइनेछ ।

**(झ) कानुन तथा मानव अधिकार :**

२९९. न्यायिक शाखाबाट सबै विवादहरु दर्ता गर्ने, म्याद तामेल गर्ने, विपक्षी झिकाउने, प्रमाण बुझ्ने, प्राविधिकद्वारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, इजलाश राख्ने सकभर मेलमिलापको माध्यमबाट विवादको समाधान गर्ने र मुद्दाहरुका निर्णयहरु गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३००. सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति न्यायिक शाखाबाट दर्ता तोक आदेश भई वडामा पठाइएको सबै विवादहरु दर्ता गरी मेलमिलाप प्रकियाबाट सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।

३०१. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

३०२. मानव अधिकार, स्थानीय कार्ययोजनाको कार्यान्वयन प्रभावकारी रुपमा गर्ने संस्थागत प्रबन्ध मिलाइनेछ ।

३०३. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

३०४. संविधान, कानुन, नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।

## विविध :

३०५. व्यास नगरपालिका क्षेत्रभित्रका गरिब परिवार पहिचान गर्ने कार्य सम्पन्न भइसकेको हुँदा सोको परिचय पत्र वितरण गर्ने कार्यलाई नेपाल सरकारसँग समन्वय गरेर यसै वर्ष वितरण गरिनेछ ।

३०६. नगरपालिका भित्रका कृयाशील टोल विकास संस्थाहरुलाई सहभागितात्मक विकास अभियानमा सरिक गराई उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थाहरु मध्येबाट उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३०७. सबै धर्म र सम्प्रदायका व्यक्तिहरुले मृत्युपछि आ-आफ्नो धार्मिक परम्परा एवं आस्था अनुसार अपनाइने अन्तिम संस्कारको लागि बिना भेदभाव आवश्यक व्यवस्था मिलाइनेछ ।

३०८. व्यास नगरपालिका क्षेत्रभित्र व्यवस्थित पार्किङको व्यवस्था मिलाइनेछ । विद्यालय समयमा विद्यार्थीहरुको आवत जावतलाई सरलीकृत गर्न ट्राफिक व्यवस्था मिलाइनेछ ।

३०९. सडक आश्रित, अभिभावक विहिन, हिंसा दूर्व्यवहार, शोषण (शारिरीक, मानसिक, यौन र श्रम शोषण) बेचविखन, बालविवाह, मानसिक समस्या लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालिकाको

उचित संरक्षण, पुनर्स्थापना, विकास, सीप शिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्ने विशेष योजना कार्यक्रम ल्याइनेछ । सडक पेटी एवं सार्वजनिक स्थलहरुमा सहयोगापेक्ष भई कष्टपूर्ण जीवन जीउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरी सडक मानव मुक्त नगरपालिका निर्माण गर्न मानव सेवा आश्रमसँग सहकार्य गरिनेछ ।

३१०. सबै वडाहरुमा विपन्न परिवारको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएकाले नगरपालिकाबाट विपन्नताका आधारमा स्वास्थ्य बिमा लगायतका कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

३११. व्यास नगरपालिका अन्तर्गतका घरहरुको बिमा तथा सामुहिक दूर्घटना बिमा लगायत अत्यधिक जोखिम क्षेत्रलाई नेपाल बिमा प्राधिकरणसँग सहकार्य गरी बिमालाई व्यवस्थित गर्न सहयोग पुऱ्याइनेछ ।

३१२. दीगो शान्ति, सुशासन, समतामूलक विकास र समुन्नति नै व्यास नगरपालिकाको मुल लक्ष्य हो । व्यास नगरपालिकाले नीतिगत, कानुनी र संगठनात्मक पक्षको सवलीकरण गर्दै नगरवासीको सेवामा समर्पित हुँदै आएको छ । संघ, प्रदेशबाट बन्नुपर्ने कानुनी ढिलाई र आयश्रोतमा आएको उतारचढावले नगरपालिकाले अपेक्षित सबै कार्यहरु सम्पन्न गर्न नसकेको आत्मसाथ गर्दै आर्थिक वर्ष २०८३।०८४ का लागि नगरवासीको आधारभूत आवश्यकता कृषि, स्वास्थ्य, शिक्षा, खानेपानी, आवास सुविधा एवं रोजगारी सृजनामा केन्द्रित रही इमान्दारितापूर्वक कृयाशील रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

३१३. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाप्रति नगरवासीको विश्वास बढ्ने, उत्पादन र उत्पादकत्व वृद्धि हुने, उद्यमशीलताको विकास हुने समतामूलक एवं सामाजिक न्यायपरक सन्तुलित विकास र सामाजिक विभेदको अन्त्य हुने अपेक्षा गरेका छौ । नगरपालिकाको सुन्दरता, नगरवासीको सुख र समृद्धि एवं लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्बर्द्धन गर्नका लागि यो नीति तथा कार्यक्रमले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएका छौ ।

अन्त्यमा नगरपालिकाको विकास अभियानमा आग्रह पूर्वाग्रहबाट माथि उठी संघीय सरकार, प्रदेश सरकार र वर्तमान तथा पूर्व जनप्रतिनिधिहरु एवं विज्ञहरुको अनुभव, परामर्श र सल्लाहलाई सदुपयोग गर्न नगरपालिका प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौ । यो नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै सफल बनाउने कार्यमा सम्पूर्ण नगर सभाषद्ज्यूहरु मार्फत नगरवासीमा सहयोग पुऱ्याई दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

धन्यवाद ! जय नेपाल !

***